म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय ‘क’ वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- ६४ २०८० माघ ८ गते सोमबार 22 January 2024, Monday - पृष्ठ ४ मूल्य रू. ५/-

## ऐनविपरीत नर्सिङ कलेज सञ्चालनको निर्देशन

काठमाडौंः प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य समितिले चिकित्सा शिक्षा ऐनको व्यवस्थाविपरीत एक सय बेडका अस्पताल नभएर ३ वर्षअघि बन्द भइसकेका नर्सिङ कलेजमा पुनः पठनपाठन सञ्चालन गर्न शिक्षा मन्त्रालयलाई निर्देशन दिएको छ। उक्त निर्देशनप्रति समितिकै सांसदहरुले असन्तुष्टि जनाएका छन्। उनीहरुले अवैधानिक निर्देशन फिर्ताको मागसमेत राखेका छन्। शिक्षा, स्वास्थ्य समितिका सभापति भानुभक्त जोशी, पूर्वशिक्षा मन्त्री तथा अध्ययन उपसमितिका संयोजक सांसद देवेन्द्र पौडेल र केही सांसदहरुले बन्द भइसकेका कलेज सञ्चालकको प्रलोभनमा परेर ऐनविपरीत गैरकानुनी रूपमा निर्देशन जारी भएको दाबी समितिका सांसदले गरेका छन् । प्रमाणपत्र तहमा सीटीईभीटीको सम्बन्धनमा स्टाफ नर्सिङ पठनपाठन गराउन आफ्नै एक सय बेडको अस्पताल चाहिने बाध्यकारी व्यवस्था ऐनले गरेको छ। *स्रोतः इकान्तिपुर।*

# पूर्वराजा ज्ञानेन्द्रद्वारा हेटौंडाको गुम्बा र मन्दिरमा पूजाआराधना





हेटौंडाः पूर्वराजा ज्ञानेन्द्र शाहले हेटौंडाको गुम्बा तथा मन्दिरलगायत धार्मिक क्षेत्रको अवलोकन, भ्रमणसँगै पूजाआराधना गर्नुभएको छ । आइतबार पूवराजा शाहले हेटौंडा-१३ को गुम्बा र हेटौंडा-१० को भूटनदेवी मन्दिरमा पूराआराधना गर्नुभएको हो ।

मकवानपुर र बाराको सिमानास्थित चुरियामाई मन्दिर क्षेत्रमा पुगेर हेटौंडामा स्वागत गरिएको थियो । धनुषा, बारा पर्सा, रौतहट, चिववनदेखिका हजारौंको संख्यामा मानिसले पूर्वराजा शाहको स्वागत गरेका थिए ।

पूर्वराजालाई चुरियामाई मन्दिरमा हेटौंडा-१३, पदमपोखरीको ज्याङ्छुपलिङ पोतला गुम्बामा पुऱ्याइएको थियो । पूर्वराजा शाहले ज्याङ्छुपलिङ पोतला गुम्बामा पूजाआराधना गर्नुभयो । गुम्बाको पूजापछि पूर्वराजा शाहले सर्वसाधारणसँग भेट गर्नुभयो ।

हेटौंडा-१० को भूटनदेवी मन्दिर क्षेत्रमा करिब २ सय मिटर पैदलयात्रासँगै सर्वसाधारणसँग भेट्दै पूजाआराधना गर्नुभयो । पूर्वराजालाई स्वागत गर्न राप्रपाका नेता तथा प्रतिनिधिसभा सदस्य दीपकबहादुर सिंहको संयोजकत्वमा एक हजार एक सय ११ जनाको मूल समारोह समिति गठन गरिएको थियो । पूर्वराजा पूर्व-पश्चिम राजमर्ग अस्तव्यस्त बन्यो ।

प्रतिनिधिसभा सदस्य सिंहले देशका युवा, महिला, उद्योगी, व्यवसायीले राजा नै देशमा आवश्यक भनि आवाज उठाएको दाबी गर्दै अब राजा ल्याउन आवश्यक रहेको बताउनुभयो । देशमा जनताको बाँध टुटेको बताउँदै सिंहले भन्नुभयो, ‘जनता आजित भइसकेका छन् । देशमा राजा आवश्यक छ, जतिबेला पनि व्यवस्था पल्टिन सक्छ, राजा आउने निश्चित छ, जनताले चाहेको अवस्थामा राजा फर्कन सक्छन् ।’

आफू एटा पार्टीको नेता भए पनि आज पार्टीको झण्डाबिना राष्ट्रको झण्डामुनि रहेर हिँडेको सिंहको भनाइ साथ दिएको देखिएको भन्दै राप्रपा नेता सिंहले पार्टीको कारण देश बर्बाद भएको बताउनुभयो । ‘किसान भौकै छन्, पार्टीका नेता डकारेको डकारेकै छन्’, सिंहले भन्नुभयो- ‘देशमा कुनै काण्ड गर्न सरकारले बाँकि राखेको छैन । अहिलेको सरकार देश लुट्ने, जनता मार्ने काममा लागेको छ। दिनदहाडै सरकारले जनतालाई गोली ठोकेर मार्दैछ ।’ हरुवाले मिसन चौरासी भन्दै हिँड्ने भन्दै उहाँले आफूहरु ८१ सालमै राजा ल्याउने पक्षमा रहेको बताउनुभयो । कुनै गाडीघोडाबिना जनताले साथ दिएकाले देशमा राजाको आवश्यक अनुभव भएको सिंहले जिकिर गर्नुभयो ।

# पूर्वराजाको स्वागतमा राखिएको ब्यानरप्रति बागमती प्रदेशको हस्तक्षेप





समाज संवाददाता

हेटौंडाः आइतबार हेटौंडा आउनुभएका पूर्वराजा ज्ञानेन्द्र शाहलाई स्वागत गर्न बनाइएको गेटमा लेखिएको ब्यानरप्रति बागमती प्रदेशले हस्तक्षेप गरेको छ । बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठको निर्देशनमा संविधान विपरीत पूर्वराजाको स्वागतमा ब्यानर र गेट बनाइएको भन्दै प्रहरीले गेटमा लेखिएको ब्यानर सच्याउन लगाएको हो ।

पूर्वराजाको स्वागतका लागि हेटौंडा उपमहानगरपालिकाका विभिन्न स्थानमा राजावादीहरूले ‘राजा ज्ञानेन्द्र वीरविक्रम शाहदेव’ उल्लेखित स्वागतद्वार निर्माण गरेका थिए । मन्त्री श्रेष्ठले गेट हटाउन लगाउनुभएको थियो । गेट हटाउन लाग्ने क्रममा केही विवाद भएपछि राजावादीहरुले हेटौंडा-१०, भूटनदेवी मन्दिर परिसरको ब्यानरमा ‘राजा’ शब्दअघि ’पूर्व’ शब्द थपी ब्यानर राख्न दिइएको प्रहरीले जनाएको छ ।

शाह हेटौंडाको विभिन्न धार्मिक क्षेत्रहरुको अवलोकन भ्रमण तथा पूजाआराधना गरी फर्कनुभएको छ । स्वागतद्वारप्रति प्रदेश सरकारले आपत्ति जनाएको भन्दै राप्रपाका नेता तथा प्रतिनिधिसभा सदस्य दीपकबहादुर सिंहले असन्तुष्टि व्यक्त गर्नुभयो ।



**अस्पतालमा पुस्तक**ः हेटौंडा अस्पतालको सर्जरी तथा अर्थोपेडिक वार्ड र जनरल वार्डमा उपचाररत बिरामी र तिनका कुरुवाले अस्पताल बसाइको अवधिमा अध्ययनको अवसर रहोस् भनी समृद्ध समाज दैनिकले आइतबार २५/२५ थान पुस्तक हस्तान्तरण गर्नुहुँदै समृद्ध समाज दैनिककी संवाददाता आरजु सत्याल । सत्याल समृद्ध समाज दैनिकका लागि स्वास्थ्य क्षेत्रकै समाचार लेख्नुहुन्छ । समृद्ध समाज दैनिकको वार्षिकोत्सवको अवसरमा प्रदान गर्ने घोषणा गरिएको पुस्तक क्रमशः हस्तान्तरण गर्ने क्रममा आइतबार दुइवटा वार्डमा पुस्तक हस्तान्तरण गरिएको हो । यसअघि बालबालिका वार्डमा पनि पुस्तक हस्तान्तरण गरिएको थियो । संवाददाता सत्यालले सर्जरी तथा अर्थोपेडिक वार्डकी सिस्टर सविना रेग्मी र जनरल वार्डकी सिस्टर सपना यादवलाई पुस्तक हस्तान्तरण गर्नुभएको हो । समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठको समेत उपस्थितिमा पुस्तक हस्तान्तरण गरिएको हो । हेटौंडा अस्पतालका सिस्टरहरुको सहजीकरणमा बिरामी र कुरुवाले स्वास्थ्य लाभसँगै ज्ञान पनि आर्जन गर्ने अपेक्षा गरिएको सम्पादक श्रेष्ठले बताउनुभएको छ । समृद्ध समाज दैनिकले नियमित रुपमा हेटौंडा अस्पताललाई पुस्तक उपलब्ध गराउँदै जाने प्रतिवद्धता समेत व्यक्त गरेको छ ।

# मनहरीमा जंगली हात्तीबाट बालीनालीमा क्षति

*पर्सा राष्ट्रिय निकुञ्ज व्यवस्थापन समितिलाई हात्तीले मनहरीमा पुऱ्याउँदै आएको क्षतिबारे जानकारी गराउँदा पनि समस्या समाधान हुन नसकिरहेको उहाँले बताउनुभयो ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिकामा लामो समयदेखि जंगली हात्तीले आतंक मच्चाइरहेको छ। दैनिकजसो घर भत्काएर क्षति पुऱ्याउँदै आएको हात्तीले शनिबार भने बालीनालीमा क्षति पुऱ्याएको छ ।

शनिबार मनहरी-८ स्थित सिमपानीमा जंगली हात्तीले गाउँमा छिरेर खेतबारीमा रहेको मकैका बोटहरु खाएर क्षति पुऱ्याएको छ । स्थानीय, पर्सा राष्ट्रिय निकुञ्जबाट आएको नेपाली सेनाको टोली र कल्लेखोलाबाट सहायक प्रहरी निरीक्षकको संयुक्त टोली खटेर बिहान ६ बजे हात्तीलाई जंगलतिर धपाएको प्रहरीले जनाएको छ ।

मनहरी गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेतीका अनुसार अहिले पर्सा राष्ट्रिय निकुञ्जबाट आएको भाले हात्ती एमगजले उक्त क्षेत्रमा मानवीय, भौतिक संरचना र बालीनालीमा क्षति पुऱ्याउँदै आएको छ । एमजगले ५ महिना अघि मात्रै मनहरी-४ की एक महिलाको ज्यानसमेत लिएको थियो ।

पर्सा राष्ट्रिय निकुञ्ज व्यवस्थापन समितिलाई हात्तीले मनहरीमा पुऱ्याउँदै आएको क्षतिबारे जानकारी गराउँदा पनि समस्या समाधान हुन नसकिरहेको उहाँले बताउनुभयो । उक्त स्थानमा पोथी हात्तीहरु रहेका कारण अरु हात्तीहरु धपाए पनि फर्केर आउने गरेकाले त्यही आसपास क्षेत्रमा बढी क्षति पुऱ्याउँदै आएको छ ।

हात्तीले पुऱ्याएको क्षतिबारे निकुञ्ज व्यवस्थापन समिति, जिल्ला प्रशासन कार्यालय र डिभिजन वन कार्यालयसँग पटकपटक छलफल गर्दै आए पनि हात्तीलाई नसारेको कारण सधैं समस्या भइरहको अध्यक्ष कालाखेतीले बताउनुभयो । निकुञ्जले हात्ती आउने बेला धपाउने गरे पनि हात्तीले नटेर्ने गरेको पाइएको उहाँले बताउनुभयो। उहाँले निकुञ्ज आसपास क्षेत्रमा छेकबार र कम्पाउन्ड बनाए पनि खोलाबाट आउने बताउनुहुँदै हात्तीलाई सारेर लैजानुको विकल्प नभएको बताउनुभयो । उहाँले त्यस क्षेत्र आसपासका जनताहरुलाई रातको समयमा अत्यावश्यक काम बाहेक जंगल ननिस्कन र हात्तीलाई नजिस्काउन पनि आग्रह गर्नुभयो ।

# अनेमसंघको नगर अध्यक्षमा सिलवाल

समाज संवाददाता

हेटौंडाः अखिल नेपाल महिला संघ हेटौंडा उपमहानगरपालिकाको अध्यक्षमा रञ्जिता सिलवाल निर्वाचित हुनुभएको छ । शनिवार हेटौंडा-४ स्थित क्वीक ट्वान्टीमा नेकपा एमाले निकट अखिल नेपाल महिला (अनेम) संघ मकवानपुरको १६ औं नगर सम्मेलन भएको थियो ।

सम्मेलनमा हेटौंडा-५ की वडा सदस्य सिलवालको अध्यक्षतामा ३९ सदस्यीय कमिटी बनेको सिलवालले जानकारी दिनुभयो । उपाध्यक्ष रेणु विक, सचिव रेनु गुरुङ, सहसचिव पार्वती बिडारी र कोषाध्यक्ष सपना विक चयन हुनुभएको छ । निर्विरोध अध्यक्षमा चयन हुनुभएकी सिलवालले महिला हिंसा न्यूनीकरण गर्ने र महिलालाई विभिन्न क्रियाकलापमा सहभागी गराउन आफूले सक्दो प्रयास गर्ने बताउनुभयो ।

२ वर्षे कार्यकालमा पार्टीलाई सहयोग गर्ने, महिलाहरुबीच रचानात्मक कार्यक्रम गर्ने, दिदीबहिनीहरुलाई आर्थिक काममा सहभागी गराउने, विभिन्न ऱ्याली निकाल्ने र संगठन विस्तार गरी संगठनबारे जानकारी गराउने योजना रहेको अध्यक्ष सिलवालले जानकारी दिनुभयो ।

# ढुवानी कर नतिरेका ८ वटा ट्रक प्रहरीको नियन्त्रणमा

समाज संवाददाता

हेटौंडाः ढुवानी कर नतिरी खाद्य मल ढुवानी गरिरहेका ८ वटा ट्रकलाई मकवानपुर प्रहरीले नियन्त्रणमा लिएको छ । शुक्रबार राती नियन्त्रणमा लिएका ट्रकलाई कारवाहीका लागि आन्तरिक राजश्व कार्यालय पथलैया पठाइएको मकवानपुर प्रहरीले जनाएको छ ।

विशेष सूचनाको आधारमा प्रहरीले पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौंडा-१५, रातोमाटेस्थित प्रहरी चेकपोष्टबाट ट्रकहरु नियन्त्रणमा लिएको जनाएको छ । बीरगन्जबाट हेटौंडातर्फ आउँदै गरेको ना ६ ख ५२०४, बा प्र ०३-००१ ख ०९५२, ना ६ ख ३७३०, प्र २-०३-००१ ख ६९७७, लु १ ख ९५६९, ना ६ ख ३७२५, बा प्र ०३-००१ ख ०९५४ र ना ६ ख ९७८६ नम्बर ट्रकलाई प्रहरीले नियन्त्रणमा लिएको हो ।

प्रहरीले नियन्त्रणमा लिएका सबै ट्रकले खाद्य मल ढुवानी गरिरहेको थियो ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं



# सम्पादकीय

## सिमेन्ट उद्योग सञ्चालन हुनुपर्छ

नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको हेटौंडा सिमेन्ट उद्योग धराशायी बन्दै गएको छ । पूर्ण वा आधाभन्दा बढी सरकारी लगानी रहेका अधिकांश सार्वजनिक संस्थानजस्तै हेटौंडा सिमेन्ट उद्योग पनि धराशायी बन्दै गएको छ । पञ्चायतकालमा दातृ राष्ट्र तथा संस्थाहरुको आर्थिक एवम् प्राविधिक सहयोगमा करिब ६ दर्जन सार्वजनिक संस्थानहरु सञ्चालनमा थिए । बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुन:स्थापनापछि घाटामा रहेका सार्वजनिक संस्थान निजीकरण गर्ने, सरकारले शेयर बिक्री गर्ने, बन्द गर्ने र खारेजी गर्ने काम भए । यसबीचमा आधाभन्दा बढी संख्यामा सार्वजनिक संस्थानको अस्तित्व मेटाउने काम भयो । अहिले करिब ३ दर्जनको हाराहारीमा सार्वजनिक संस्थान सञ्चालनमा रहेको भए पनि अधिकांशको अवस्था हेटौंडा सिमेन्ट उद्योगजस्तै छ । सरकारी स्वामित्वको केही संस्थानबाहेक अधिकांश धराशायी बन्दै गएका छन् । केही घाटामा चलिरहेका छन् भने केही बन्द छन् । केहीले वर्षौंदेखि लेखापरीक्षण र साधारणसभा गर्न सकेका छैनन् ।

कुनैबेला विदेशी सिमेन्टको निर्भरता घटाउन महत्वपूर्ण बनेको हेटौंडा सिमेन्ट उद्योग अहिले बन्द छ । उद्योगमा ४ महिनादेखि उत्पादन ठप्प रहेको छ । दैनिक १६ हजार बोरा सिमेन्ट उत्पादन क्षमता रहेको हेटौंडा सिमेन्ट उद्योगमा दशैंपछि उत्पादन शून्य छ । सिमेन्ट उत्पादनका लागि चाहिने कोइलाको अभाव देखाउँदै उद्योगले उत्पादन कार्य ठप्प गरेको हो । कोइलाको माध्यमबाट सिमेन्ट उत्पादनका लागि चाहिने कच्चा पदार्थ क्लिङ्कर बनाउने गरिएको र क्लिङ्कर अभावका कारण सिमेन्ट उत्पादन हुन नसकेको उद्योग प्रशासनको भनाइ छ । पछिल्लो समय देशमा स्वदेशी सिमेन्ट उद्योगको संख्या बढ्दै गएपछि उच्च प्रतिस्पर्धाका कारण हेटौंडा सिमेन्ट उद्योग धराशायी बनेको हो । सिमेन्ट उद्योगले सिमेन्ट उत्पादनमात्र गर्न नसकेको होइन । उत्पादन गरेको सिमेन्टसमेत बिक्री गर्न सकेको छैन । कुनैबेला हेटौंडा सिमेन्ट खरिद गर्न पालो पर्खने उपभोक्ता र सिमेन्ट बिक्रेताको विश्वासलाई उद्योगले जोगाउन नसकेपछि उत्पादित सिमेन्ट बिक्री गर्न कठिनाइ भएको छ । उद्योगले चालु आर्थिक वर्षको हालसम्म २ लाख ४९ हजार ४५६ बोरा सिमेन्टमात्र बिक्री गरेको छ ।

उद्योग पछिल्लो चार वर्षदेखि निरन्तर घाटामा छ । आर्थिक वर्ष २०७४/०७५ मा १६ करोड ३६ लाख रुपैयाँ नाफा कमाएको उद्योग त्यसपछि निरन्तर घाटामा छ । आर्थिक वर्ष २०७५/०७६ देखि २०७८/०७९ सम्ममा उद्योगलाई ६५ करोड ४७ लाख १६ हजार ७८२ रुपैयाँ नोक्सान भएको छ । उद्योगलाई आर्थिक वर्ष २०७५/०७६ मा एक करोड पाँच लाख, २०७६/०७७ मा २३ करोड ८२ लाख, २०७७/०७८ मा १७ करोड चार लाख र २०७८/०७९ मा २३ करोड ५५ लाख रुपैयाँ घाटा भएको छ । उद्योगलाई अनावश्यक कर्मचारी भर्ती केन्द्र बनाइनु, पुरानो प्रविधि र उपकरण परिवर्तन नहुनु, बजारमा प्रतिस्पर्धा बढ्दै जानुजस्ता समस्याले उद्योग घाटामा गएको हो । उद्योगमा चरम राजनीतिक हस्तक्षेप हुने गरेका कारण उद्योगको व्यवस्थापन प्रभावकारी नहुँदा उद्योग धराशायी बन्दै गएको हो । राजनीतिक हस्तक्षेपकै कारण करिब अढाई दशकअघि हेटौंडा कपडा उद्योग बन्द भएजस्तै नियति हेटौंडा सिमेन्ट उद्योगमा पुनरावृत्ति हुने सम्भावना बढ्दै गएको छ ।

उद्योग सञ्चालन गर्न माग गर्दै अखिल नेपाल औद्योगिक मजदुर संघले उद्योग परिसरमा धर्ना दिइरहेको भए पनि व्यवस्थापनले वास्ता गरेको छैन । अत्यावश्यक कच्चापदार्थको व्यवस्थापन गर्न नसक्ने र विभिन्न बहाना बनाई उत्पादन बन्द गर्ने परिपाटीको अन्त्य नहुँदासम्म हेटौंडा सिमेन्ट उद्योगमा सुधार ल्याउन सकिँदैन । कुनैबेला गुणस्तरीय सिमेन्ट उत्पादनमा ख्याति कमाएको हेटौंडा सिमेन्ट उद्योग विभिन्न कारणले बन्द हुने र क्षमताभन्दा कम उत्पादन हुने गरेकै कारण निरन्तर घाटामा गइरहेको हो । लामो समयदेखि उद्योग घाटामा रहेको र उत्पादनसमेत ठप्प भएका कारण सरकारले आवश्यक आर्थिक स्रोतको व्यवस्था नभएसम्म उद्योग चल्ने सम्भावना न्यून देखिन्छ । उद्योगलाई अहिलेकै अवस्थामा निरन्तरता दिनेभन्दा सरकारले आधुनिकीकरण गरी सञ्चालन गर्न आवश्यक निर्णय गर्नुपर्ने देखिन्छ । उद्योगको स्वामित्वमा अरबौंको जग्गा रहेका कारण उद्योग व्यवस्थापन तथा सरकारको नजर उद्योगको जग्गामा परेको हुनसक्छ । उद्योग सधैंका लागि बन्द गराएर उद्योगको जग्गालाई आफूअनुकूल उपयोग गर्ने दाउपेचलाई सरकारले बुझ्नुपर्छ र यसबारे हेटौंडाबासीले खबरदारी गर्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |


## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : इच्छाशक्ति बढ्ने समय योग रहेको देखिन्छ ।
**वृष** : सहयोगको आकाङ्क्षाप्रति सद्भाव बढ्ने छ ।
**मिथुन** : नयाँ कामप्रति परिश्रम बढ्ने समय छ ।
**कर्कट** : पैतृक सम्पत्तिबाट लाभ प्राप्त हुने समय छ ।
**सिंह** : सामाजिक र साँस्कृतिक काममा समय बित्ला ।
**कन्या** : परिबन्ध र बाध्यताका कारण आर्थिक बोझ बढ्ला ।
**तुला** : साझेदारी र सहकार्यका कामबाट लाभ प्राप्ति होला ।
**वृश्चिक** : इज्जत र प्रतिष्ठा प्राप्ति हुने समय योग रहको छ ।
**धनु** : परिश्रमले इज्जत र प्रतिष्ठा कमाइने समय छ ।
**मकर** : अचल सम्पत्तिका क्षेत्रमा कारोबार हुने समय छ ।
**कुम्भ** : योजना बनाएर काम गर्दा राम्रो रहने समय योग छ ।
**मीन** सट्टापट्टा र शेयर कारोबारका कामबाट लाभ प्राप्त ।

# समाजवादी यात्रामा चीन



✍ **बिमल केसरी पौडेल**

जनवादी गणतन्त्र चीनको समाजवादी यात्रा निकै चुनौतिपूर्ण र कष्टकर समयबाट गुज्रिएर आएको हो । समयको कुनै कालखण्डमा धनी देश रहेको चीन घरेलु सामन्तवाद (सामन्ती युद्ध सरदारहरु बीचको अन्तरसंघर्ष र सामन्तवादी सोँच) र विदेशी साम्राज्यवाद (अफिमको व्यापारका लागि ब्रिटेनसँग र दोस्रो विश्वयुद्ध ताका जापानसँग) विरुद्ध निरन्तर संघर्ष गर्दै आजको स्थितिमा आइपुगेको हो । किसानहरुको बाहुल्यता रहेको देशलाई सामन्तवाद र साम्राज्यवाद विरुद्ध लडाईमा चिनियाँ जनतालाई एकतावद्ध गर्दै राष्ट्रियता र स्वाधिनताको नौलो युगको सुरुवात माओत्सेतुङको नेतृत्वमा चिनियाँ कम्युनिस्ट पार्टीले गरेको हो । संसारभरिका न्यायप्रेमी जनताहरुलाई, क्रान्तिकारीहरुलाई माओको “नौलो जनवाद” प्रेरणाको स्रोत रहेको छ ।

सन् १९४९ को चिनियाँ क्रान्तिले चीन जस्तो त्यस बखत पिछडिएको देशलाई सात दशक भित्र कुल गार्हस्थ उत्पादन (पिपिपि) को आधारमा संसारको पहिलो (३२ ट्रिलियन अमेरिकी डलर-२०२३), प्रतिव्यक्ति आय-७३ स्थानमा (२३,३०९ अमेरिकी डलर) र मानव विकास सूचकांक उच्च स्थानमा ल्याउन सफल भएको छ । सन् १९७८-२०१८ को समय भित्र चीनले झन्डै ८० करोड जनतालाई चरम गरिबीको पासोबाट मुक्त गरेको छ । यो उपलब्धि स्वतन्त्रता, समानता, मानव अधिकार जस्ता कुरा गरी नथाक्ने पुँजीवादी प्रजातन्त्रका लागि ठुलो चुनौती हो ।

सन् १९७८ देखि चीनको आर्थिक वृद्धिदर ६ प्रतिशत भन्दा माथि रहेको छ । माओकालिन समयमा (सन् १९४९-१९७५) पनि चीनको राष्ट्रिय आम्दानी प्रतिव्यक्ति आयको आधारमा ६३ प्रतिशत वृद्धि भएको तथ्यांक छ । सन् २०२२ सम्म आउँदा चीन विश्व अर्थतन्त्रको करिब १८ प्रतिशत भाग समेट्न पुगेको छ । चीन अहिले विश्वको सबैभन्दा धेरै उत्पादन गर्ने (म्यानुफ्याक्चर), उच्च प्रविधि उत्पादनमा दोस्रो, विद्युतीय सवारी उत्पादन र उपभोगमा पहिलो देश हुन पुगेको छ ।

चीनको यो चामत्कारी विकासमा शुरुको कालखण्डमा माओ, त्यस पश्चात देङ सियाओ पिङ र वर्तमान राष्ट्रपति सी जिन फिङको ठूलो भूमिका छ । माओले मार्क्सवाद र राष्ट्रियताको सही उपयोग गरेर चिनियाँ क्रान्ति सफल पारे भने देङले अर्थव्यवस्थामा उदारीकरण गरेर आधुनिक चीनको विकासको जग बसाले । वर्तमान राष्ट्रपति सी जिन फिङ यी दुवै नेताहरुले देखाएको बाटोमा दृढ गतिले अग्रसर छन् । उनको केन्द्रविन्दु आम जनता र देश हुन् । आधुनिक चीनलाई राज्य पुँजीवाद अथवा पार्टी-राज्य पुँजीवादको रुपमा पनि व्याख्या गरिन्छ । राज्यले रणनीतिक क्षेत्रका महत्वपूर्ण भागमा प्रभुत्व कायम राखेको छ । उर्जा उत्पादन, बैंकिङ क्षेत्र, ठूला उद्योगधन्दाहरु । तर, निजी उद्योगहरु पनि विकसित भएका छन् झन्डै ३ करोड निजी उद्योगी व्यवसायीहरु छन् । चीनको अर्थतन्त्र परिवारमा आधारित उत्पादन रहेको छ । प्रसिद्ध अर्थशास्त्री र मार्क्सवादी चिन्तक समीर अमिनको शब्दमा, “चीनमा खेतीयोग्य जमिनलाई निजी सम्पत्तिको रुपमा नराखी उपभोग र उत्पादन गर्नका लागि ग्रामीण परिवारलाई प्रदान गरियो । यसरी जमिन पुँजीवादका लागि चाहिने वस्तुको रुपमा राखिएन । जमिन बेचबिखन गर्न नसकिने व्यवस्था छ । सरकारले ग्रामीण घरेलु अर्थतन्त्रलाई प्रोत्साहन गर्न कृषि उत्पादनका लागि चाहिने बीउ, मल, सिंचाई, बजारमूल्यको यथोचित व्यवस्था गरी खाद्य सुरक्षा को प्रत्याभूति गरेको छ ।

समाजवादी बाटोमा लामो यात्रा पार गरे पनि साम्यवादको अवधारणा, वर्गविहीन समाजमा पुग्न अझै लामो समय लाग्ने देखिन्छ । पुँजीवादका तत्वहरु अझै सक्रिय छन्, रहन्छन । सन् २०२० सम्ममा चीनमा धनिहरुको संख्या बढेको छ । ६९८ करोडपति र ४४ लाख लखपति छन् । यसरी आर्थिक असमानता बढेको छ । समाजवादको उच्च चरणमा प्रवेश गर्दा आर्थिक असमानता कायम रहनु बिडम्वना देखिए पनि पुँजीवादी अर्थव्यवस्थाको सुधारात्मक प्रयोग गरेकोले पुँजीवादका अवशेषहरु कायम रहन्छ नै । मुख्य कुरो राज्यले जनतालाई दिने सुविधाहरु स्वास्थ्य, शिक्षा, रोजगारी, आवास, सार्वजनिक यातायात, खाद्य सुरक्षा आदिको प्रत्याभूति चीनले आफ्नो जनतालाई दिएको छ ।

देशको विकास पुँजीवादी समाज जस्तो विभिन्न देशहरुमा उपनिवेश स्थापना गरेर, सेनाले कब्जा गरेर, सरकारहरु असफल पारेर, ती देशका साधन, स्रोत माथि कब्जा गरी शोषण, नरसंहारमा आधारित भएको हैन । जनवादी चीनको समाजवादी यात्राबाट संसारभरिका न्यायप्रेमी जनता, सम्बद्ध संघ, संस्था तथा सरकारहरुले उचित शिक्षा लिनैपर्ने देखिन्छ ।

# देश छोडेर कहिलेसम्म भाग्ने ?

**सरल भाषामा भन्नुपर्दा सबै नीतिहरूको पनि माउ नीति राजनीति हो । राजनीतिले नै जनताको दैनिकी र भविष्यको बाटो तय गराइदिन्छ । देशमा राजनीति राम्रो भयो भने देशका सबै पक्षमा सकारात्मक परिवर्तन हुन्छन् भने नकारात्मक भइदियो भने नागरिकले दु:ख पाउँछन् ।**



✍ **लक्ष्मण गिरी**

भदौपछि हाम्रा पर्व र जात्राहरूको मौसम सुरु हुन्छ । हिन्दु महिलाहरूको महान चाड हरितालिका तीजबाट सुरु हुने पर्वहरूको उत्सवको लहरमा दशैं, तिहारलाई पछ्याउँदै क्रमश: छठ, क्रिसमस, इद, ल्होछार, माघी, फागु जस्ता महत्वपूर्ण पर्वहरू आउँछन् ।

यी हाम्रा सनातन पर्वहरू हुन् जसलाई हाम्रा पूर्वजहरूले मनाउँदै आए, हामीले मनाउँदैछौं र हाम्रा सन्ततिहरूले पनि मनाउने छन् । स्वाभाविक रूपमा पर्वहरू आउँदै गर्दा मानिसहरूका अनुहारमा चमक भरिंदै जान्छ, घरपरिवारमा खुशी भित्रिन्छ र समाजमा सौहार्दताको वातावरण देखिन्छ ।

जीवनकालमा पर्वहरू यसरी नै मनाउँदै आएको अनुभव छँदाछँदै यसपटक दशैंमा उड्ने चंगा सँगसँगै मन चंगा हुन सकेन, निधारमा लगाएको रातो टीका जस्तै जीवन रंगीन बन्न सकेन र मानिसहरू मान्यजनहरूले ‘भाग्यमानी हुनु’ भनेर दिएको आशीर्वाद जस्तै गरी भाग्यमानी भएको अनुभूति गर्न सकेनन् ।

सन्दर्भ एउटा पर्व मनाउँदा सुखद रह्यो या रहेन भन्दा पनि पर्वहरूमा समेत खुशी नभई हाम्रो समाज किन दिन प्रतिदिन निराशा उन्मुख हुँदैछ भन्ने हो । सामाजिक संजालतिर हेर्‍यो मानिसहरूले निराशाका भावहरू पोखिरहेको देख्न सकिन्छ, प्रत्यक्ष भेटघाट-कुराकानीमा मानिसहरू निराशाका मात्रै कुरा गर्छन् ।

वैदेशिक रोजगार विभागको तथ्यांक अनुसार सरकारी तथ्यांकले बितेका २७ वर्षमा श्रम स्वीकृति लिएर विदेशिने नेपालीको संख्या ६३ लाख छ । यो तथ्यांक पढेपछि पंक्तिकारका मनभित्र केही स्वाभाविक सवालहरू उब्जिए ।

यो देशको राजनीतिक परिवर्तनका लागि सक्रियतापूर्वक सहभागी भएको र देशभित्रै केही गर्नुपर्छ भनेर उद्यमशीलतासँग जोडिँदै, आफू जस्तै युवाहरुलाई विदेश पलायन हुन निरुत्साहित गरिरहेको विगतलाई वर्तमानले चुनौती दिइरहेको र दिनानुदिन हजारौं युवा विदेशिएको खबर सुनिरहनु पर्दा एकपटक साँच्चिकै विगतलाई फर्किएर समीक्षा गर्न मन लागिरहन्छ ।

सरल भाषामा भन्नुपर्दा सबै नीतिहरुको पनि माउ नीति राजनीति हो । राजनीतिले नै जनताको दैनिकी र भविष्यको बाटो तय गराइदिन्छ । देशमा राजनीति राम्रो भयो भने देशका सबै पक्षमा सकारात्मक परिवर्तन हुन्छन् भने नकारात्मक भइदियो भने नागरिकले दु:ख पाउँछन् ।

सुशासन सहितको राजनीतिक प्रणाली स्थापना गर्नका लागि हजारौं नागरिकको त्याग र बलिदानबाट संसारमै उत्कृष्ट शासन प्रणाली मानिने लोकतान्त्रिक गणतन्त्र सहितको शासन प्रणाली हामीकहाँ स्थापना भयो । राजतन्त्र हटाई जनताको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गरी अब मुलुक सार्वभौम-सम्पन्न भयो, हामी नागरिकहरू सर्वाधिकार सम्पन्न भयौं भन्ने विजयभावले पुलकित भएको त्यो क्षणको सम्झना अझै मानसपटलमा आलै छ । सो आन्दोलनको सक्रिय सहभागी भएकाले पनि त्यसबेला महसुस गरेको अपार आनन्द अहिले पनि महसुस भइरहन्छ ।

सोही आन्दोलनको बलमा माओवादी पनि सशस्त्र युद्ध त्यागेर शान्ति प्रक्रियामा आयो। अब वातावरण सहज हुन्छ भन्ने सोचेर जबसिकर होइन, क्रियटर बन्नुपर्छ भन्दै व्यवसाय थालेकाहरुको अनुभव सुन्दा अवस्था भयावह छ । बजारमा पचास प्रतिशत व्यावसायिक सटरहरु बन्द भनेर एक अनुसन्धानले तथ्यांक सार्वजनिक गरिसकेको छ ।

गाउँमा जमिन खाली, घर खाली, बजारमा सटर खाली र सिंगो देशमा युवा रित्तिंदै छन् । यस्तो विकराल अवस्थाले देश कहाँ पुग्दैछ ? यो सोच्ने निकाय हामीकहाँ छ कि छैन ? छ भने यसबारेमा सोचेको होला कि नहोला ? प्रश्नहरूले प्रश्न गरिरहन्छन् ।

अनौपचारिक कुराकानी हुँदा बजारमा केही व्यवसायी साथीहरू कसरी छिटोछरितो यहाँको व्यवसायलाई बिट मारेर विदेश पलायन हुन सकिएला भनेर मात्रै सोचेको बताउँछन् भने केही व्यवसायी साथीहरू विदेश पलायनका निम्ति प्रक्रिया अगाडि बढाइसकेको समेत बताउँछन्। अहिलेको बजारको प्रतिविम्ब यही हो, समग्र व्यवसायीको पीडा पनि यही नै हो ।

यसरी राज्यलाई सुनको अण्डा दिने व्यवसायीहरू अत्तालिंदा, पलायनउन्मुख भइरहँदा देशलाई कति नोक्सानी हुन्छ भन्ने कुरा कसले हेक्का राख्ने ? राज्य छ, अप्ठ्यारोमा साथ दिने सरकार छ भनेर व्यवसायीहरूले राहतको अनुभूति कहिले गर्न पाउलान् ?

बैंक तथा वित्तीय संस्थाहरूबाट लिएको व्यावसायिक ऋणले व्यवसायीहरू टाटपल्टिने अवस्था छ । ऋण लिंदाका बखत सम्झौता गरिएको ब्याजदर बढेर दोब्बर बनेको छ । हर्जना र व्यवसायीहरूलाई दिएको दबाब हेर्दा हाम्रा वित्तीय संस्थाहरू कानुनी मान्यता प्राप्त मिटरव्याजी जस्तै भएको आभास गर्नुपरेको छ । यो पंक्तिकारको दश वर्ष बढीको व्यावसायिक अनुभवमा हामीले गरेको करोडौं रुपैयाँको व्यवसायले कतिलाई रोजगार मिल्यो, कतिका बजार चले, कति कर तिरियो होला यसले राज्यलाई कति टेवा पुग्यो-पुगेन थाहा छैन, राज्यले नै जानोस् तर हामी लगानीकर्ताहरूले भारी मनले भन्नैपर्छ- हामी पलायनका निम्ति योग्य भयौं ।

सिद्धान्तत: हाम्रो देश सार्वभौम सम्पन्न स्वतन्त्र मुलुक हो । जनता सार्वभौम छन्, अधिकार सम्पन्न छन् भन्ने हो तर व्यवहारमा यो प्रत्याभूति हुनसकिरहेको छैन । हाम्रो देशको राजनीति हाम्रै आँगनबाट चल्न सकिरहेको छैन । हामी हाम्रो सरकार आफैं बनाउन सकिरहेका छैनौ । देशको राजदूत बनाउँदा हामी हाम्रो विवेकले बनाउन पाउँदैनौं । न्याय क्षेत्रमा हामीले हाम्रो आवश्यकताले जिम्मेवारी दिन सक्दैनौं ।

जनताले आन्दोलन गरिदिनु थियो गरिदिए । व्यवस्था परिवर्तनका निम्ति साथ दिनु थियो छाती खोलेर साथ दिए । तर तितो यथार्थ, राजनीतिक नेतृत्वको कुशल क्षमता अभावका कारण जनताको संघर्षबाट स्थापित शासन प्रणाली सामान्य चेत भएको मानिसलाई समेत थाहा हुने गरी रिमोट कन्ट्रोलबाट संचालित छ आज । यो देशको दुर्भाग्य हो, आन्दोलनको अपमान हो र शहीदहरूप्रति धोका हो । अहिले समाजमा देखिएको निराशाको उपज पनि यही नै हो ।

पहिला देश बलियो हुनुपर्छ अनि नागरिक बलिया हुन्छन् । देश कमजोर धरातलमा उभिएको होइन उभ्याइएको छ । पहिला देशको राजनीतिक जगलाई बलियो बनाउन जरुरी छ । राजनीतिक जगलाई बलियो पार्न सकियो भने अन्य अवयवहरू स्वत: बलिया बन्दै जान्छन् ।


बलिदानीपूर्ण संघर्षबाट स्थापित लोकतान्त्रिक शासन प्रणालीप्रति यति छिटै जनस्तरमा निराशा छाउनुको कारण राजनीतिक नेतृत्वको क्षमताको अभाव हो भन्ने कुरामा दुईमत छैन । राम्रोसँग शासन गर्न जानेको भए व्यवस्था विरोधीले संगठित भएर छाती फुलाउँदै ‘राजा आउ देश बचाउ’ भन्दै सडकमा आउने हिम्मत गर्दैनथे होला ।

वास्तवमा भन्नुपर्दा देश यतिबेला चौतर्फी संकटमा छ । देशको अस्तित्व संकटमा छ । पहिला पुर्खाको नासो देश जोगाऔं । जसरी जनआन्दोलनको सफलतापछि राष्ट्रिय सरकार बनाएर एउटा सन्देश दिन खोजिएको थियो, त्यो आवश्यकता यतिबेला पनि छ ।

देश चरम संकटमा परेका बेला हामी देशका लागि हौं भन्ने दलहरूलाई लाग्छ भने हाम्रै आँगनबाट राष्ट्रिय सरकार बनाएर, एकताको सन्देश दिएर देश निर्माणमा लाग्ने हिम्मत किन नगर्ने ? जनतालाई आशा र निराशा मुख्य रुपमा देशको राजनीतिक वातावरणले बनाउने हो । निराशोन्मुख नेपाली समाजलाई हाम्रो राजनीतिक नेतृत्वले आशाको दियो बाल्न सकोस् । *(स्रोत: अनलाईनखबर)*

## सार्वजनिक ऋण झन्डै २४ खर्ब

# ६ महिनामै थपियो ८५ अर्ब




काठमाडौं: चालु आर्थिक वर्ष (आव) २०८०/८१ को पहिलो ६ महिनामै ८५ अर्ब १३ करोड रुपैयाँबराबर सार्वजनिक ऋण थपिएको छ । २०८० असार मसान्तसम्म २२ खर्ब ९९ अर्ब १० करोड रहेको सार्वजनिक ऋण ६ महिना (साउन-पुस) मा ८५ अर्ब १३ करोडले बढेर २३ खर्ब ८४ अर्ब ४८ करोड पुगेको सार्वजनिक व्यवस्थापन कार्यालयको तथ्यांकमा छ । यस अवधिसम्म सरकारले तिर्न बाँकी आन्तरिक ऋण ११ खर्ब ९८ अर्ब ४ करोड रुपैयाँ छ । बाह्य ऋण भने ११ खर्ब ८६ अर्ब ४४ करोड छ ।

असार मसान्तसम्म आन्तरिक ऋण ११ खर्ब २९ अर्ब १० करोड र वाह्य ऋण ११ खर्ब ७० अर्ब २४ करोड थियो । यस अवधिमा सरकारले लिएको कुल ऋण आकार भने खुद बढेको ऋणको दाँजोमा धेरै ठूलो छ। चालु आव पहिलो ६ महिनामा सरकारले लिएको कुल सार्वजनिक ऋण १ खर्ब ६२ अर्ब ५८ करोड रुपैयाँ हो । यसै अवधिमा सरकारले आन्तरिक र बाह्य ऋणको साँवावापत ७७ अर्ब ४५ करोड रुपैयाँ भुक्तानीसमेत गरेको छ। सोही आधारमा ६ महिनामा सार्वजनिक ऋणको खुद वृद्धि ८५ अर्ब १३ करोड रहेको देखिएको हो ।

पछिल्लो ६ महिनामा सरकारले ऋणको सावाँ-ब्याज तिर्नमात्र १ खर्ब १६ अर्ब खर्च गर्नुपरेको छ। कार्यालयका अनुसार ६ महिनामा आन्तरिक ऋणको सावाँ भुक्तानीमा ५९ अर्ब ३७ करोड खर्च भएको छ। आन्तरिक ऋणको ब्याज भुक्तानीमा ३४ अर्ब १९ करोड गएको छ । उता, बाह्य ऋणको सावाँ भुक्तानीमा १८ अर्ब ७ करोड र ब्याज भुक्तानीमा ४ अर्ब ९३ करोड खर्च भएको कार्यालयको तथ्यांक छ। यसरी सरकारले ६ महिनामा ऋणको साँवा-ब्याज तिर्नमात्र १ खर्ब १६ अर्ब ५७ करोड खर्च गरेको छ ।

कार्यालयको तथ्यांकअनुसार पहिलो ६ महिनामा लक्ष्यको तुलनामा बाह्य ऋण प्राप्ति कमजोर देखिएको छ। तर, आन्तरिक ऋण भने सरकारले सुरुवाती महिनाबाटै उच्च दरले उठाइरहेको छ। यस वर्ष सरकारले १७ खर्ब ५१ अर्ब ३१ करोडबराबर बजेट कार्यान्वयन गरिरहेको छ । त्यसमध्ये ४ खर्ब ५२ अर्ब आन्तरिक र बाह्य ऋण उठाएर जोहो गर्नुपर्ने छ। आन्तरिक स्रोतका लागि २ खर्ब ४० अर्बमात्रको सीमा छ । बाँकी बाह्य ऋणबाट जोहो गर्नुपर्ने छ ।

तर, ६ महिनामा मात्र ३४ अर्ब २७ करोडमात्र प्राप्ति भएको देखिएको छ । नेपालमा सामान्यतया बाह्य ऋण प्राप्ति शोधभर्नामा आधारित हुन्छ । विकासे आयोजनामा कामले गति लिन नसक्दा भुक्तानीको काम अगाडि बढ्न सक्दैन । यसले बाह्य ऋण प्राप्तिसमेत प्रभावित हुने अर्थ मन्त्रालयका अधिकारीहरुले बताउँदै आएका छन् । कार्यालयका निमित्त प्रमुख डिलाराम गिरीका अनुसार परियोजनाहरु जति प्रभावकारी कार्यान्वयन हुन्छन्, प्राप्तिको प्रगति पनि त्यति नै प्रभावकारी हुन्छ। सोहीकारण मुलुकभित्र वाह्य ऋणमा अगाडि बढेका विकास परियोजना कार्यान्वयनमा जोड दिनुपर्ने उनी बताउँछन्।

तथ्यांकअनुसार चालु आव पहिलो ६ महिनासम्म प्रतिव्यक्ति ऋण हिस्सा ८१ हजार ७ सय ५९ रुपैयाँ पुगेको छ। यस अवधिसम्मको कुल सार्वजनिक ऋणलाई नेपालको २०७८ सालको आधिकारिक जनसंख्या २ करोड ९१ लाख ६५ हजार ५ सय ७८ मा भाग लगाउँदा त्यति रकम पर्न आउँछ । असार मसान्तसम्म प्रतिव्यक्ति ऋण हिस्सा ७८ हजार ८ सय ४० रुपैयाँ थियो ।

कार्यालयका निमित्त प्रमुख गिरीका अनुसार नेपालसँग कुल गार्हस्थ उत्पादन (जीडीपी) को ५० प्रतिशतसम्मको सार्वजनिक ऋणको भार थेग्न सक्ने क्षमता छ। उनका अनुसार नेपालमा औसत जीडीपीको ४० देखि ४३ प्रतिशतबीचमा सार्वजनिक ऋणको भार रहँदै आएको छ। त्यसकारण सार्वजनिक ऋण धेरै बढ्यो भनेर चिन्ता गरिहाल्नुपर्ने स्थिति भने छैन ।

'जति सार्वजनिक ऋण बढ्छ, उता अर्थतन्त्रको आकार पनि बढिरहेको छ । सोहीकारण जीडीपीको ५० प्रतिशतसम्म ऋणको भार पुग्दासम्म डराउनु पर्ने अवस्था हुन्न,' उनले भने । लिएको ऋण विकास निर्माणका काममा खर्च हुने र त्यसले अर्थतन्त्रको वृद्धिमै सहयोग गर्ने हुँदा सार्वजनिक ऋणलाई सकेसम्म प्रशासनिक खर्चभन्दा पूँजीगत र विकासे खर्चमै लगाउनुपर्नेमा भने दुई मत नहुने उनी बताउँछन्। *स्रोतः अनलाइनखबर ।*

## ७ दिने स्वास्थ्य परीक्षण सुरु



**समाज संवाददाता**

हेटौंडाः हेटौंडाको पिप्लेस्थित सञ्जीवनी बचत तथा ऋण सहकारी संस्थामा ७ दिने निःशुल्क स्वास्थ्य परीक्षण शिविर सुरु भएको छ। सहकारी संस्थाको स्वास्थ्य तथा वातावरण उपसमितिको आयोजनामा आज आइतबारबाट माघ १३ गते शनिबारसम्म स्वास्थ्य परीक्षण हुने सहकारी संस्थाका व्यवस्थापक प्रकाश खनालले जानकारी दिनुभयो ।

शिविरमा ७ दिनसम्म रक्तचाप र मधुमेहको निःशुल्क परीक्षण गरिनेछ । शिविरको पहिलो दिन २ सय जनाले स्वास्थ्य परीक्षण गराएका छन् । स्वास्थ्य परीक्षण गराएका करिब एक सय जनालाई मधुमेहको समस्या देखिएको छ भने ६० जनालाई रक्तचापको समस्या देखिएको छ ।

व्यवस्थापक खनालका अनुसार संस्थाले ७ दिनमा एक हजार ५ सय जनाको स्वास्थ्य जाँच गर्ने लक्ष्य लिएको छ । शिविरमा सबैजनाले सहभागिता जनाउन पाउनेछन्। हेटौंडाका बासिन्दाहरुको स्वास्थ्य राम्रो होस् भन्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको खनालले बताउनुभयो । स्वास्थ्य शिविर कार्यक्रम सहकारीको वार्षिक कार्ययोजनाअनुसार गरिएको उहाँले बताउनुभयो ।

सहकारीले ८-९ वर्षदेखि नै आँखा, पाठेघरलगायतका स्वास्थ्य शिविर गर्दै आएको छ । स्वास्थ्य जाँचमा हेटौंडाका प्राविधिक दुई जनाले ब्लड स्याम्पल जाँच गरिरहेको खनालले बताउनुभयो ।

## सरिखेतमा २१ जनाद्वारा रक्तदान

**समाज संवाददाता**

हेटौंडाः मकवानपुरको राक्सिराङ गाउँपालिका-३, सरिखेतमा आइतबार रक्तदान कार्यक्रम भएको छ । रक्तदान कार्यक्रममा २० जनाले रक्तदान गरेका हुन्।

नेपाल रेडक्रस सोसाइटी सरिखेत उपशाखाको आयोजनामा भएको रक्तदान कार्यक्रममा १५ जना र ६ जना महिलाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो। उपशाखाको १९ औं साधारणसभाको अवसरमा कार्यक्रम आयोजना भएको हो ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी मकवानपुर जिल्ला सभापति लालबहादुर थापाको प्रमुख आतिथ्य रहेको थियो । नेपाल रेडक्रस सोसाइटी सरिखेतका सभापति चित्रबहादुर थिङको सभाध्यक्षतामा कार्यक्रम भएको हो ।

आगामी माघ १३ गते शनिबार दुई स्थानमा रक्तदान कार्यक्रम हुने बताइएको छ । शहीद स्मारक र घर व्यवसायी संघद्वारा रक्तदान कार्यक्रम हुन लागेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक सापकोटाले जानकारी दिनुभयो ।

## १८ जनामा मोतिविन्दु पहिचान

**समाज संवाददाता**

हेटौंडाः मकवानपुरको बकैयाको दुई स्थानमा भएको निःशुल्क आँखा शिविरमा १८ जनामा मोतिविन्दु देखिएको छ । बकैया गाउँपालिका स्वास्थ्य शाखाको आयोजनामा भएको शिविरमा १८ जनामा मोतिविन्दु देखिएको बकैयाको ठिंगन स्वास्थ्य चौकीका इन्चार्ज दिमदेश मिश्रले जानकारी दिनुभयो ।

बकैया-१२, ठिंगनमा भएको निःशुल्क आँखा शिविरमा ८ जनामा मोतिविन्दुको समस्या देखिएको छ। आँखा जाँच गराएका ८२ जनामध्ये ८ जनामा मोतिविन्दु देखिएको हो। मिश्रका अनुसार पालिकाले सय जना सेवाग्राहीको आँखा जाँच र १० जनामा मोतिविन्दु पहिचानको लक्ष्य बनाएको थियो।

शिविरमा तिलगंगा सामुदायिक आँखा अस्पतालको प्राविधिक सहयोग रहेको थियो । आँखा जाँच गर्न आएका सेवाग्राहीलाई तिलगंगाका एक डाक्टर र २ जना स्टाफ नर्सले जाँच गरेका हुन् ।

यस्तै, बकैया-१२, मन्थानीमा भएको आँखा शिविरबाट १० जनामा मोतिविन्दुको समस्या देखिएको छ । शिविरमा जाँच गर्न आएका एक सय २३ जनामध्ये १० जनामा मोतिविन्दु देखिएको हो। बकैयाको दुई स्थानमा भएको आँखा शिविरमा मोतिविन्दु पहिचान भएका १८ जनाको हेटौंडा सामुदायिक आँखा अस्पतालमा शल्यक्रिया हुने मिश्रले बताउनुभयो ।

### सच्याइएको

मिति २०८० साल माघ ७ गते आइतबार प्रकाशित समृद्ध समाज दैनिकको पृष्ठ ३ मा असावधानीबस विषादी व्यवसायी संघ मकवानपुरको अध्यक्षमा सुवास मल्ल ठकुरी निर्वाचित हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।

**सम्पादक।**

# बालजागृतिका विद्यार्थीको आवाज

## गृहकार्य



**निभा जयसवाल**

पानी बिना हुँदैन जीवन
पानी मै हाम्रो हाम्रो जीवन
पहाडमा हाम्रा आमा दिदी बहिनी
पनि लिन जान्छन् पँधेरीमा पानी ।।

धेरै दुखकष्ट खप्नुपर्छ
पानीको लागी भनी

थोपा थोपा पानीबाट बन्छ समुन्द्र
त्यसैले जोगाउँ भनी

जलस्रोतको धनी हाम्रो देश
जगाओ पानीको मुहानलाई
हामी सबै नेपाली
सुखी जीवनको लागी

पानी बिना हुँदैन जीवन
पानी हो हाम्रो जीवन

पानी बिना बोट हुँदैन
बोट बिना मानिस हुँदैन ।।

*कक्षा-४*

## किताब



**अग्रता**

शिक्षा अनि चेतनाको
भण्डार हो किताब ।।

हाम्रो अभिन्न मित्र
हो किताब
आकार सानो छ हेर्दा
केही रमाइलो छ देख्दा ।।

क ख ग घ लेख्न सिकायो
अघि बढ्न सिकायो ।।

पढ्न गाह्रो छ
अक्षर रमाइलो छ ।।

विभिन्न विषयका छन्
किताब
विभिन्न विषयका दिन्छ
ज्ञान

राम्रो छ कविता र कथा
कक्षा ४ को किताबमा

*कक्षा-४*

BALJAGRITI ENGLISH SECONDARY SCHOOL
Hetauda-2

## बाबा



**सदिक्षा खतिवडा**

रगत बगाइ बगाइ बगाइ हामीलाई पढायौ ।
आँशु बगाइ बगाइ हामीलाई लेखायौ ।

दु:ख गरि गरि मलाई सुख दियौ ।
संसारमै तिमी मेरो साथी ।

चडाउँछौ मलाई माथी माथी
ज्ञानको साथी सानुको साथी ।

छु तिमी मनको माथी
पढाई पढाई चढाउछ उ माथि माथि ।।

*कक्षा-४, सन*

## मेरो देश



**विशान्त लाल श्रेष्ठ**

सबै भन्दा सुन्दर छ मेरो प्यारो देश
शान्त अनि शितल छ मेरो प्यारो देश
चारै तिर हरियाली पहाड घेरेको
ठूला-ठूला हिमाल छन् हिउँले भरेको ।।

हिमाल, पहाड, तराई सबै बस्छन् मिलेर
एक अर्कोको सँस्कृतिलाई सम्मान गरेर
रीतिरिवाज चाडपर्व मनाउँछन् मिलेर
अघि बढछन् एक अर्कोको हात थामेर ।।

संसारैमा प्रसिद्ध छ मेरो प्यारो देश
जलस्रोतको धनी छ मेरो प्यारो देश
माता सीता, गौतम बुद्ध जन्मिएको देश
पुर्खाहरुको विरगतिले साचिएको देश
संसारैमा स्वतन्त्र छ मेरो प्यारो देश ।।
त्यसैले त गर्व लाग्छ मलाई मेरो देश ।।

*कक्षा-४, सन*

## आमा




**सुदीक्षा कर्माचार्य**

मेरी आमा नै मेरो जीवन हो
नौ महिना आफ्नो काखमा राखेको हजूरले
मेरी प्यारी आमा हजुर नभए मेरो जीवन छैन ।।

हजुर नभए म यो पृथ्वीमा आएको हुन्न थियो
मेरी प्यारी आमा धन्यवाद
हजुरले मलाई यो सबै कुरा गरेकोले
म धेरै खुशी छु किन की हजुर मेरो आमा हो ।।

*कक्षा-४, सन*

## तिहार



**सुरभी भट्टराई**

तिहारमा भाइ दाई पूजा गरिन्छ
तिहारमा झिलीमिली बत्ती लगाइन्छ ।।

तिहारमा लक्ष्मीको पूजा गरिन्छ
तिहारमा घरमा रङ्गोली बनाइन्छ ।।

तिहारमा घरमा दियो बत्ती बालिन्छ
तिहार नेपालीहरुको महान चाडपर्व हो र पाँच दिन मनाइन्छ ।।

*कक्षा-४*

# खेलकुद पूर्वाधारको अवस्थाबारे छलफल




समाज संवाददाता

हेटौंडाः हेटौंडामा मकवानपुरको खेलकुद पूर्वाधार विषयमा छलफल भएको छ । आइतबार जिल्ला खेलकुद विकास समितिको कार्यालय परिसरमा खेलकुद विकास समितिका अध्यक्ष वेष खड्गीको सभाध्यक्ष तथा बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्य पेम्बा लामाको प्रमुख आतिथ्यमा छलफल कार्यक्रम भएको हो ।

छलफल कार्यक्रममा राष्ट्रिय खेलकुद परिषद्मा आवद्ध भएका खेल पदाधिकारीहरुको उपस्थितिमा खेलकुद क्षेत्रको अवस्था के-कस्तो छ ?, जिल्लाहरुमा मैदान संरचनाको अवस्था के छ ? खेलकुदको मैदान व्यवस्था के कस्तो छ भन्ने विषयमा छलफल गरिएको जिल्ला खेलकुदका अध्यक्ष खड्गीले बताउनुभयो । मैदान व्यवस्थित नहुनुका कारण र स्थानीय तहबाट प्राप्त भएको बजेटको राम्रो सदुपयोग भएको छ कि छैन भन्ने कुरामा पनि छलफल गरेको उहाँले बताउनुभयो ।

उहाँले शुक्रबार भएको छलफलबाट जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड छनोट प्रतियोगिता यही माघ १२ गतेदेखि १४ गतेसम्म गर्ने निर्णय गरेको अध्यक्ष खड्गीले बताउनुभयो । जिल्लास्तरीय प्रतियोगिताबाट प्रदेशस्तरीय प्रतियोगिताका लागि छनोट हुने खेलाडीहरुलाई १५ दिन बन्द प्रशिक्षण राख्ने उहाँले बताउनुभयो ।

बक्सिङ, कराँते, तेक्वान्दो, उसु, क्रिकेटलगायतका खेलमा आवद्ध भएका पदाधिकारीहरुको सहभागितामा पूर्वाधारहरुमध्ये केलाई स्थानीय तहमा समावेश गर्ने भन्ने कुरालाई प्राथमिकता दिएर खेलकुद पूर्वाधारसम्बन्धी छलफल कार्यक्रमको आयोजना गरिएको जिल्ला खेलकुदका पूर्वकार्यालय प्रमुख राजन दहाल खुशराजले बताउनुभयो । कार्यक्रममा हेटौंडाको वडा-४ का अध्यक्ष नवीन सिग्देल, वडा-५ का अध्यक्ष सुशील घिमिरे, खेलकुद विकास समितिको कार्यालय प्रमुख माधव कोइरालालगायतको आतिथ्य रहेको थियो ।

## यू-१९ विश्वकप

# नेपाल न्युजिल्यान्डसँग पराजित




काठमाडौंः अर्जुन कुमालको उत्कृष्ट ब्याटिङका बाबजुद नेपाल आईसीसी यू-१९ विश्वकपमा पहिलो पटक न्युजिल्यान्डसँग पराजित भएको छ। दक्षिण अफ्रिकामा जारी आईसीसी यू-१९ विश्वकपमा नेपाल न्युजिल्यान्डसँग ६४ रनले पराजित भएको हो । यो हारले नेपालको सुपर सिक्स सम्भावनामा धक्का लागेको छ ।

३०३ रनको लक्ष्य पछ्याएको नेपालले पुरै ५० ओभर खेल्दै ९ विकेटको क्षतिमा २३८ रन बनाउन सक्यो । नेपालका ओपनर अर्जुन कुमालले १०४ बलमा १२ चौकासहित ९० रनको शानदार इनिङ्स खेलेपनि टोलीको हार टार्न सकेनन् । अन्य ब्याटरको साथ नपाउँदा अर्जुनको उत्कृष्ट ब्याटिङका बाबजुद नेपाल पराजित हुन पुग्यो ।

तीव्र गतिका बलर एवाल्ड श्रेडरको ३८ औं ओभरको दोस्रो बलमा अर्जुन थर्डम्यानमा क्याच आउट भएपछि विश्वकपमा शतक हान्ने पहिलो नेपाली खेलाडी बन्नबाट चुकेका थिए । बाउन्सर बल थर्डम्यानको माथि सट खेल्ने क्रममा अर्जुन क्याच हुन पुगेका थिए । त्यसअघि अर्जुनले व्यक्तिगत १४, ८६ रन र ८८ रनमा तीन जीवनदान पाएका थिए ।

तेस्रो विकेटका लागि देव र अर्जुन कुमालले ६२ बलमा ५९ रनको साझेदारी गरेका थिए । देव खनाल ३४ बलमा ५ चौका र १ छक्कासहित ३६ रनमा आउट भए । अन्य कुनैपनि नेपाली ब्याटरले राम्रो प्रदर्शन गर्न सकेनन् । आकाश त्रिपाठी र गुल्शन झा २-२ रनमा आउट भए । उत्तम थापामगर, दीपक बोहरा, दीपेश कँडेलले खाता खोल्न सकेनन् । अन्तिम विकेटका लागि तिलकराज भण्डारी र सुवास भण्डारीले ३७ रनको अविजित साझेदारी गरे । सुवास भण्डारी ५२ बलमा ४ चौकासहित ३३ रनमा नटआउट रहे । तिलक भण्डारी १९ बलमा २ चौका र १ छक्कासहित १७ रनमा नट आउट रहे ।

न्युजिल्यान्डका मासन क्लार्कले ८ ओभरमा १ मेडनसहित २५ रन खर्चेर ३ विकेट लिए । एवाल्ड श्रेडर र ओस्कर ज्याक्सनले २-२ विकेट लिए । दक्षिण अफ्रिकाको बफेलो पार्क इस्ट लन्डनमा टस जितेर पहिला ब्याटिङ रोजेको न्युजिल्यान्डले निर्धारित ५० ओभरमा ८ विकेट गुमाउँदै ३०२ रन बनाएको थियो । न्युजिल्यान्डको जितमा तेस्रो नम्बरका ब्याटर स्नेहित रेड्डीले १२५ बलमा ११ चौका र ६ छक्कासहित १४७ रनको शानदार अविजित शतकीय इनिङ खेलेका थिए । कप्तान ओस्कर ज्याक्सनले ८१ बलमा ३ चौका र ५ छक्कासहित ७५ रनमा आउट भए ।

एक समय ६७-३ को अवस्थामा पुगेको न्युजिल्यान्डलाई ज्याक्सन र रेड्डीले चौथो विकेटका लागि १६४ बलमा १५७ रनको शतकीय साझेदारी गरेका थिए । उक्त साझेदारी नै नेपालको हारको मुख्य कारण बन्यो । यी दुई ब्याटरबाहेक अन्यको प्रदर्शन भने राम्रो हुन सकेन । ओपनर टम जोनसन ४५ बलमा ५ चौकासहित ३३, ल्यूक वासटन १४ र एलेक्स थोमप्सनले १३ रन बनाए । नेपालका प्रमुख बलर गुल्शन झाले १० ओभरमा ६१ रन खर्चेर २ विकेट लिए । स्पिनर सुवास भण्डारीले १० ओभरमा ६० रन खर्चेर सर्वाधिक ३ विकेट लिए । तिलक भण्डारी, आकाश त्रिपाठी र दीपेश कँडेलले १-१ विकेट लिए ।

नेपालले यसअघि सन् २००६ को यू-१९ विश्वकपमा न्युजिल्यान्डलाई १ विकेट र सन् २०१६ मा ३२ रनले हराएको थियो । समूह डी मा रहेको नेपालले बुधबार पाकिस्तान र शुक्रबार अफगानिस्तानसँग खेल्नेछ । स्रोतः अनलाइनखबर ।

# मकवानपुर बाल विद्या सदनको खेलकुद सप्ताह सम्पन्न




समाज संवाददाता

हेटौंडाः हेटौंडा-१८, हटियास्थित मकवानपुर बाल विद्या सदन बोर्डिङको खेलकुद सप्ताह सम्पन्न भएको छ । मंगलबारबाट सुरु भएको खेलकुद सप्ताह ५ दिनसम्म सञ्चालन भई आइतबार सम्पन्न भएको हो ।

कार्यक्रममा विभिन्न प्रतियोगिताहरु आयोजना गरिएको थियो । प्रतियोगितामा निलो हाउस प्रथम, पहेँलो हाउस द्वितीय र रातो हाउस तृतीय भएका छन् । प्रथम हुने टिम (हाउस)ले ५ स्वर्ण, ७ रजत र ५ वटा कास्य पदक प्राप्त गरेको छ । यस्तै, द्वितीय हुने टिमले ५ वटा रजत र ३ वटा कास्य पदक प्राप्त गरेको छ भने तृतीय हुने टिमले ६ स्वर्ण र २ वटा रजत पदक प्राप्त गरेको छ ।

कार्यक्रममा कक्षा नर्सरीदेखि कक्षा-९ सम्मका विद्यार्थीहरुको सहभागिता रहेको थियो । कक्षा-६ देखि ९ सम्मका रातो हाउस, पहेँलो हाउस, निलो हाउस र हरियो हाउसका विद्यार्थीहरुको सहभागिता रहेको खेलकुद सप्ताहमा एथ्लेटिक्स, हाजिरीजवाफ, मेमोरी टेष्ट र बुद्धिचाल प्रतियोगिता भएको थियो ।

खेलकुद सप्ताहमा प्रथम हुने टिमलाई यो वर्षको हाउस टिम घोषित गर्न लागेको बोर्डिङका प्रमुख प्रशासकीय अधिकृत सुदीप गिरीले जानकारी दिनुभएको छ । प्रतियोगिता प्रथम र द्वितीय हुने विद्यार्थीहरुलाई यही माघ २८ गते हुन लागेको अभिभावक भेलामा पदकसहित प्रमाणपत्र प्रदान गरिने प्रमुख प्रशासकीय अधिकृत गिरीले बताउनुभयो । प्रधानाध्यापक सुदीपराज गिरीको सभाध्यक्षतामा सम्पन्न भएको सप्ताहमा बोर्डिङका शिक्षकहरुको उपस्थिति रहेको थियो ।

# मनहरीमा पालिकास्तरीय परीक्षा समिति गठन

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिकामा प्राधानाध्यापक बैठकले पालिकास्तरीय परीक्षा समिति गठन गरेको छ । गत बिहीबार बसेको प्रधानाध्यापक बैठकले समिति गठन गरेको हो ।

हरेक महिनाको ४ गते बस्ने प्रअ बैठक गर्ने निर्णयअनुसार बिहीबार बैठक बसेको पालिकाका शिक्षा शाखा अधिकृत प्रदीप पराजुलीले बताउनुभयो । बैठकमा प्रधानाध्यापकहरुले स्वःस्फुर्त पालिकास्तरीय परीक्षा समिति पनि गठन गरेको उहाँले बताउनुभयो । राष्ट्रिय मावि सुनाचुरीका प्रधानाध्यापक सूर्यबहादुर मोक्तानको संयोजकत्वमा ११ सदस्यीय समिति गठन गरेको हो । समितिमा सबै विषयगत शिक्षकहरुलाई समेटिएको जनाइएको छ ।

बैठकमा पढ्दै कमाउँदै कार्यक्रम सञ्चालनका लागि विशेष छलफल भएको अधिकृत पराजुलीले बताउनुभयो । यस्तै, विद्यालयमा अहिले भइरहेको गतिविधिको समीक्षा भएको छ । बैठकमा प्रधानाध्यापकहरुले पालिकाले विद्यालयहरुमा निगरानी बढाएर शैक्षिकस्तरलाई थप व्यवस्थित बनाउन आग्रह गर्नुभएको थियो ।

बैठकमा पालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा प्रथम भएको बालजीवन ज्योति माविलाई सम्मान गरिएको छ । पालिकामा अहिले ३२ सामुदायिक र ७ वटा संस्थागत विद्यालयमा १२ हजारभन्दा बढी विद्यार्थी अध्ययनरत रहेको अधिकृत पराजुलीले बताउनुभयो ।

## आवश्यकता

*(दोस्रो पटक सूचना प्रकाशित मितिः २०८०/१०/०८)*

मकवानपुर जिल्लाको बागमती गाउँपालिका–९, फर्सादमारस्थित राजदेवी आधारभूत विद्यालयका लागि गाउँपालिका अनुदान प्रारम्भिक बालविकास केन्द्र शिक्षक (सहजकर्ता) नियुक्तिका लागि गाउँपालिकाको कार्यालयको मिति २०८० पुस १८ गतेको निर्णयानुसारको अनुमति प्राप्त भएपछि विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार तपशिल बमोजिम योग्यता पुगेका नेपाली नागरिकबाट यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा दरखास्त दिन आव्हान गरिन्छ ।

**विज्ञापन नं. : ०१/०८०/०८१**

पदः प्रारम्भिक बालविकास केन्द्र शिक्षक (सहजकर्ता)
शैक्षिक योग्यताः +२ उत्तीर्ण
उमेरः १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
आवेदन दस्तुरः १,०००/–
परीक्षाको किसिमः लिखित, मौखिक र प्रयोगात्मक ।
तलब सुबिधाः गाउँपालिकाको अनुदान अनुसार ।
दरखास्त दिने अन्तिम मितिः २०८० माघ १४ गते ।
सम्पर्क मितिः २०८० माघ १५ गते ।
परीक्षा मितिः सम्पर्क मितिमा जानकारी गराइनेछ ।

**आवश्यक कागजातः**

– शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, नागरिकताको प्रमाणपत्रको प्रतिलिपी (२/२ प्रति), हस्तलिखित निवेदन ।

**नोटः**- स्थानीय र विवाहीतलाई प्राथमिकता ।

**राजदेवी आधारभूत विद्यालय**
**बागमती गाउँपालिका–९, फर्सादिमार, मकवानपुर**
**सम्पर्कः ९८४२०८८४४७,९८६३३९२२८१**

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।

## मोटरसाइकल हराएको सूचना

हेटौंडा-१ स्थित हेटौंडा हस्पिटल अगाडिबाट मिति २०८० साल माघ ७ गते आइतबार दिनको १ बजेर ३० मिनेटको समयमा मदनकुमार लामा लोप्चनको नाममा रहेको बा प्र ०३-००५ प ५९०७ नम्बरको २२० सीसीको पल्सर मोटर साइकल (इन्जिन नं.:DKXCNM37729, च्याचिस नं. MD2A13EXXNCM83375) हराएको हुँदा कहिँकतै देख्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित मोवाइल नम्बरमा सम्पर्क गरी जानकारी गराइदिनुहुन अनुरोध गरिन्छ ।

**सम्पर्कः ९८५५०७०५४४**

## हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

## मोबाइलको लतबाट बालबालिकालाई बचाऔं ।

- मोबाइलको लत लागेका बालबालिकामा निन्द्रा ढिलो लाग्ने, गहिरो निन्द्रा नलाग्ने र पटक-पटक ब्युँझने देखिन सक्छ,
- मोबाइलको लतले बालबालिकाको मस्तिष्क विकासमा नै असर पुऱ्याउन सक्छ,
- मोबाइल देखाएर खाना खुवाउनाले बालबालिकालाई खानाको स्वाद थाहा नहुन सक्छ,
- यसले पाचन प्रणालीमा समस्या हुन सक्दछ,
- उनीहरुलाई कुराकानी गरेर, डुलाएर, गीत गाएर तथा उनीहरुको हाउभाउमा प्रतिक्रिया जनाउँदै खाना खुवाऔं,

अभिभावकले अत्याधिक मोबाइल चलाउँदा बालबालिकालाई मोबाइलको लत बस्न सक्दछ, त्यसैले अभिभावकले मोबाइलको कम प्रयोग गरौं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ